सञ्चारकर्मीका आँखामा
साना, महिला र भूमिहीन किसान

OXFAM

CSRC
आत्मनिर्भर केन्द्र

Funded by
European Union

संयोजन : शान्तीराम भण्डारी
अभिलेखन : कल्पना भण्डारी, सु'रज कुँवर, जनक नेपाल र रुद्र खड्का
सम्पादन : रघुनाथ लामिछाने
प्रकाशन मिति : वैसाख, २०७२
सर्वाधिकार : सामुदायिक आत्मनिर्भर सेवा केन्द्र

प्रकाशक
सामुदायिक आत्मनिर्भर सेवाकेन्द्र
पो .ब.नं. १९७९०, भूमिघर, धापासी, काठमाडौ, नेपाल
फो न : ९७७-१-४३६०४८६/४३५७००५
फ्याक्स : ९७७-१-४३५७०३३
Email: landrights@csrcnepal.org
URL: www.csrcnepal.rog

ग्राफिक डिजाइन : बिक्रम चन्द्र मजुमदार
bmajumdar33@gmail.com

परिचय

सरकारी तथ्याङ्कअनुसार नेपालमा करिब ७० प्रतिशत खेतीपाती गर्ने किसान छन् जसमा अधिकांश साना, महिला तथा भूमिहीन किसान पर्छन् । व्यापक गरिबी, पछौटेपन, रोजगारीको अभाव, अशिक्षा, सूचना प्रविधिको पहुँचमा कमी, सरकारले दिने सेवा सुविधाबारे अनभिज्ञता जस्ता कारणले उनीहरूको जीविकोपार्जन दिनानुदिन सङ्कटमा पर्दै गइरहेको छ । सूचनाको अभावले एक त उनीहरूलाई आफूसम्बन्धी के कस्ता नीति बनेका छन् भन्ने कुरा नै थाहा छैन भने अर्कोतिर नीति निर्माण तहमा पहुँच नभएकाले उनीहरूका समस्या समाधान गर्ने नीति खासै तयार भएका छैनन् । तयार भएका नीति पनि पूर्णरूपले लागु हुन सकेका छैनन् । त्यसैले कृषि पेशाबाट जीविकोपार्जन चलाउने अधिकांश साना, महिला र भूमिहीन किसान खाद्य सुरक्षाको जोखिममा पर्ने गरेका छन् । नीतिगत तहबाटै यो कुराको स्पष्ट सम्बोधन हुनुपर्ने आवाज उठेका भए तापनि यसो हुन सकिरहेको छैन ।

यसै सन्दर्भमा यस्ता किसानका समस्या उजागर गरी नीति निर्माण तहमा दबाब सिर्जना गर्ने उद्देश्यले खाद्य सुरक्षा परियोजना लागु भएका सुदूरपश्चिम र मध्यपश्चिमका ३ जिल्ला क्रमशः डडेलधुरा, सुर्खेत र दैलेखका विभिन्न समुदायमा राष्ट्रियस्तरका सञ्चारकर्मी परिचालन गरिएको थियो । सञ्चारकर्मीहरूले ती समुदायमा सञ्चालित छलफल कक्षाका सहभागी किसानसँग कुराकानी, छलफल तथा अन्तर्वार्ता गरी उनीहरूको जीविकोपार्जन, वृत्ति विकास, पहुँच, क्षमता आदिबारे आआफ्ना धारणा लेखन गर्ने कार्य गरेका छन् । यस कार्यमा नेपाल टेलिभिजनकी कार्यक्रम प्रस्तोता कल्पना भण्डारी, कान्तिपुर राष्ट्रिय दैनिकका सुरज कुँवर र जनक नेपाल अनि रिपब्लिका दैनिकका रुद्र खड्काको संलग्नता थियो । यस प्रकाशनमा पत्रकारले देखेका कुरा उनीहरूकै लवज र शैलीमा प्रस्तुत गर्ने जमर्को गरिएको छ ।

- आत्मनिर्भर केन्द्र

सामुदायिक छलफल कक्षाले सुर्खेती महिला किसानमा ल्याएको परिवर्तन

- कल्पना भण्डारी

नेटा गाविसमा महिला सशक्तीकरण

सुर्खेतको छिन्चुबाट नजिकै पर्छ रामघाट बजार। त्यहाँबाट भेरी नदीमाथिको झोलुङ्गे पुल तरेर पारिपट्टि दशरथपुर पुगिन्छ। दशरथपुरबाट करिब साँढे दुई घण्टाको कठिन यात्रापछि पुगिन्छ विकट नेटा गाविस। यही गाविसको वडा नम्बर आठ फालिकोटमा महिला मिलेर सीमान्तकृत महिलाहरूका लागि महिला संस्था (वाम) को सहयोगमा समाज सुधार सामुदायिक छलफल केन्द्र गठन गरेका छन्। २०७० साउनदेखि नियमित दुई घण्टा कृषक महिला छलफल गर्छन्। खाद्य सुरक्षा तथा सुशासन, सरकारको कृषि नीति, महिला अधिकार तथा महिला हिंसाबारे हुने छलफलले उनीहरूमा चेतनाको स्तर वृद्धि गरेको छ। पहिले पहिले गाविसको योजना बनाउने, नीति बनाउने कार्यक्रम छ भन्दै पुरुष जान्थे, महिला मतलव गर्दैनथे। उनीहरूलाई त्यो काम पुरुषका लागिमात्र हो जस्तो लाग्थ्यो तर अहिले महिला पनि जान थालेका छन्। यस्तो कार्यक्रममा महिला पनि सहभागी हुनुपर्छ भन्ने कुरा छलफल केन्द्र सूरु भएपछि मात्रै उनीहरूले थाहा पाएका हुन्। महिला अधिकार र महिला हिंसाबारे पनि महिलाले धेरै जानकारी लिइसकेका छन्। पहिले नौलो मान्छेको अगाडि बोल्नसमेत लजाउने उनीहरू अहिले निर्धक्क आफ्ना कुरा सबैसामु राख्न सक्ने भएका छन्। छलफल केन्द्रमा सहभागी भएपछि खगीसरा पवाली पनि निकै खुसी छिन्। उनी अहिले गाविसको कृषि सञ्जालको सहसंयोजक भएकी छन्। छलफल केन्द्रमा आएपछि गाविसले कृषिलाई १५ प्रतिशत बजेट छुट्याउँदो रहेछ भन्ने महिलाले जानकारी पाए। त्यसैका आधारमा सहभागीले गाविसमा बजेट माग गरे। उनीहरूले गएको आर्थिक

वर्षमा ५० हजार रुपियाँ प्राप्त गरे । त्यसबाट गाउँमा कागतीको बिरुवा लगाएका छन् । सँगै अदुवा बेसार लगाउने तयारी पनि गरेका छन् ।

पहिले उनीहरूलाई यसरी पैसा आउने कुरा थाहा नै थिएन । अब त सधैँ अनुदान लिएरै छाड्ने उनीहरू बताउँछन् । उनीहरूलाई अहिले कृषि क्षेत्रलाई छुट्याएको पैसा अपुग भयो भन्नेसमेत लागेको छ । छलफल केन्द्रका सहजकर्ता बुद्धिराम चपाई भन्छन्- उहाँहरूले यस्तो गर्नुहोला भन्ने सोचेको पनि थिइन । तर उहाँहरू गाविसमा गएर आफ्ना लागि छुट्याएको बजेट ल्याउन सफल हुनुभयो । यो सबै चेतनाले ल्याएको परिवर्तन नै हो ।

त्यतिमात्रै होइन, छलफल केन्द्रबाट महिलाले महिला अधिकार र महिला हिंसाबारे पनि जानकारी पाएका छन् । त्यसैले उनीहरूले गाउँमा महिला हिंसा न्यूनीकरणमा सचेतना बढाएका छन् । उनीहरूले समुदायमा श्रीमती कुटपिट गरी महिला हिंसा गर्ने ३ जना पुरुषलाई जरिवाना तिराएर कारबाहीसमेत गराएका छन् । अहिले गाउँमा महिला हिंसाका घटनामा समेत कमी आएको छ ।

छलफल केन्द्र गाउँका दिदीबहिनी मिलेर सुखदुःख साट्ने थलो पनि भएको रहेछ । उनीहरू बिहानै काम भ्याएर जम्मा हुन्छन् । एक अर्कालाई परेको दुःखमा सघाउने, आवश्यक सरसल्लाह पनि गर्छन् । छलफल केन्द्रमा जान सुरुमा पुरुषहरूले त्यति सहयोग नगरे पनि अहिले भने खुसी हुन्छन् । महिलाको पहलमा गाउँमा भएको काम देखेर पुरुष पनि

सराहना गर्न थालेका छन् । सुरुमा यी महिला अनावश्यक गफ गरेर बस्छन्, किन जानुपर्‍यो भन्थे कतिका श्रीमान्, तर अहिले सहयोग नै गर्छन् । यति गर्दा पनि घरको काम भने सबै महिलाले भ्याएर निस्कनुपर्छ तर पनि हतारहतार काम सकेर गाई, बाख्रा बाँधेर उनीहरू छलफल केन्द्रमा जम्मा हुन्छन् ।

छलफल केन्द्रमा आएपछि महिलाले संयुक्त लालपुर्जाबारे पनि थाहा पाएका छन् । संयुक्त लालपुर्जा भयो भने महिलाको अधिकार सुरक्षित हुने कुरा उनीहरूले बुझेका छन् । तर गाउँमा कसैले पनि लालपुर्जा बनाएका छैनन् । लालपुर्जा भयो भने पुरुष एक्लैले जग्गा बेच्न सक्दैनन् । महिलाको पनि सहमति चाहिन्छ । यसले महिला पनि केही हो भनेर पुरुषलाई बोध गराउने र महिलामा आत्मविश्वास बढाउने उनीहरूको बुझाइ छ ।

गाउँमा मुख्य गरेर धान, कोदो, मकै, गहुँ खेती हुन्छ । कति परिवारलाई खेती उब्जनीले छ महिना पनि खान पुग्दैन । गरिबी नै गाउँको प्रमुख समस्या हो । खेतीबाली भए पनि आयआर्जन हुनेखालका सिपमूलक काम छैन । गाउँमा नास्पाती, आलुबखडा फल्छ तर बजार नहुँदा यत्तिकै बारीमै कुहिएर जान्छ । यो ठाउँको मुख्य बजार भनेको रामघाट हो । जहाँ जान यातायातको सुविधा छैन । हिँडेर जान/आउन आठ घण्टा लाग्छ । चार घण्टाको बाटो हिँडेर आलुबखडा बेच्न जान सम्भवै छैन । सुर्खेतमा भएको तीन दिने किसान भेलामा समेत सहभागी भएकी खगीसराका अनुसार यसपालि उनीहरूले कृषि मन्त्रीलाई बजार व्यवस्था गरिदिन आग्रह गर्दै ज्ञापनपत्र बुझाएका छन् । यतिमात्रै होइन, गाउँमा पशु बिरामी हुने, मर्ने समस्या पनि उत्तिकै छ । पशु सेवा केन्द्र अथवा भेटेनरीको आवश्यकतासमेत महसुस गरेर ज्ञापनपत्रमा यो कुरा पनि उल्लेख गरेका छन् । हुन पनि गाउँमा एउटा भैंसी बिरामी भयो भने बोलाउने डाक्टर छैनन्, जुकाको औषधीसमेत पाउने ठाउँ छैन ।

खाद्य सुरक्षा र सुशासनबारे पनि उनीहरू धेरै जानकार भएका रहेछन् । खाद्य सुरक्षा भनेको आफूलाई पच्ने खानेकुरा खाने, सरसफाइमा ध्यान दिने, वीउविजनको सुरक्षा गर्नेलगायतका विषय आफूहरूले सिकेको बताउँछन् । त्यतिमात्रै होइन, किसानको वर्गीकरणबारे पनि जानकार छन् । साना किसान र उनीहरूको अधिकारबारे बोल्न सक्ने भएका छन् ।

महिलामा आत्मविश्वास वृद्धि भएको छ । सरकारको नीतिबारे पनि जानकार भएका छन् । तर यति सबै हुँदाहुँदै पनि गरिबी अर्को मुख्य समस्या भएको छ । आगामी दिनमा आयआर्जनका काम गर्न पाए हुन्थ्यो भन्ने उनीहरूलाई लागेको छ । गरिबीकै कारण छलफल केन्द्रमा नियमित उपस्थित हुन नसक्नेहरू धेरै छन् । यहाँ आएर सहभागी भए दिनभरको कमाइ हुँदैन । पहिले त पेट भर्नुपर्‍यो । दैनिक मजदूरी गरेर खानेहरूलाई नियमित उपस्थित हुन समस्या छ ।

सरसर्ती हेर्दा महिला अधिकारबारे जानकार भएको पाइयो । उनीहरूलाई कृषि बजेटबारे थाहा भयो, वडा भेलामा सहभागी हुन थाले, गाविसमा पहुँच बढ्यो तर अझै पनि लक्षित वर्गमा प्रतिफल नपुगेको जस्तो देखिन्छ । विपन्न र गरिब महिलाका लागि अधिकारको कुरा बखान मात्र हुनसक्छ जबसम्म उनीहरूका लागि त्यो केही आर्जन गर्ने माध्यम बन्दैन । हामी छलफलमा पुग्दा पनि सबै महिला सहभागी हुन सकेनन् । कारण थियो- महिलाहरू खर काट्न जानु । एक दिनको कमाइले बेलुका परिवार पाल्नुपर्ने समस्या भएकाहरूको पहिचान गरी उनीहरूको सिप विकास गर्न सकिए अझ उपयोगी हुन्छ । गाउँमा खेतीपाती गर्ने उन्नत तरिका, प्रविधि र सिप सिकाउन सकिए आयोजनाको उपलब्धि अझ व्यापक हुन सक्नेमा दुई मत छैन ।

कल्याण गाविसमा महिलाको प्रभाव

सुर्खेतको मुख्य बजारबाट लगभग १४ किलोमिटरको दूरीमा रहेको कल्याण गाविस पुग्दा धेरै महिला सामुदायिक वनको कोठामा फूलमाला र अबिरसहित भेला भएका थिए । धेरैजसो महिला परम्परागत गुरुङ्सेनी पहिरनमा थिए । सामुदायिक आत्मनिर्भर केन्द्रका शान्तिराम भण्डारी, वाम संस्थाकी कोषाध्यक्ष डीला भट्टराई र मलाई उनीहरूले अबिर र माला लगाएर स्वागत गरे । आफ्नो गाउँमा आउने नयाँ पाहुनालाई यसरी सत्कार गर्नु उनीहरूको संस्कृति रहेछ । परिचय आदान-प्रदानपछि छलफल सुरु भयो । उनीहरूले आफ्नो समूहको नाम राखेका रहेछन्- प्रगतिशील सामुदायिक छलफल केन्द्र । छलफलको सुरुमै उपाध्यक्ष रूपा गाहाले आफूहरूले सिकेको र गरेको कामको फेहरिस्त लाइन् । उनी साँच्चै प्रफुल्ल भएर, आफूले जानेको काममा बडो गर्बिलोसँग प्रस्तुत भएकी थिइन् । छलफल केन्द्र गठन भएपछि यहाँका महिलाले आफ्नो गाउँठाउँको समस्या र अवस्था पनि अध्ययन गरेका रहेछन् । गाउँको तथ्याङ्क रूपालाई कण्ठस्थ रहेछ । “हाम्रो वडामा ११५ जनजाति, ३१ दलित र अन्य जातका २८ परिवार बसोबास गर्ने गरेको हामीले पायौं, त्यस्तै १८० घरधुरीमा, जम्मा ८१ घरलाई ६ महिना खान पुग्ने भेट्टायौं भने ५४ घर भूमिहीन भेट्यौं, जसको नाममा घर छैन, किनेर ज्यालादारी गरेर खान्छन् । यो कुरा हामीले छलफल केन्द्रपछि नै अध्ययनमा गएर थाहा पाएका हौं ।” रूपालाई जस्तै सबै महिलालाई पहिले गाविसको बजेटबारे थाहा थिएन । पहिले थाहा नपाएका उनीहरू अब १५ प्रतिशतबाट पच्चीस प्रतिशत पुर्‍याउनुपर्ने माग राख्छन् । यो वर्ष उनीहरूले गाविसबाट २ लाख १२ हजार रुपियाँ लिए र त्यसबाट सिलाइकटाइको तालिम सञ्चालन गरे । दिदीबहिनीसँग कुरा गर्दा, सचेतनाका कुरा सुन्दा उनीहरूमा आत्मविश्वास पलाएको छ । कृषिमा काम गर्नेलाई किसान भन्छन् भन्नेमात्र बुझेकी रूपा अहिले किसानको वर्गीकरण हुनुपर्ने, परिचयपत्र पाउनुपर्नेसम्मका आवाज उठाउँछिन् । दिनभर खेतमा काम गर्ने पनि किसान अनि कुर्सीमा बस्ने पनि किसान कसरी हुन्छ ? उनी प्रश्न गर्छिन् । अनि थप्छिन्-

“किसानको वर्गीकरण गर्नुपर्‍यो र परिचयपत्र बनाउनुपर्‍यो । यातायातमा छुट गरिनुका साथै विद्यालयको पाठ्यक्रममा पनि किसानकाबारे पढाउनुपर्‍यो ।”

अलि पहिले नै यस्तो जानकारी पाएको भए उनीहरूले पहिलेदेखि नै बजेट लिन्थे तर अब उनीहरू यसमा निरन्तर लाग्ने बताउँछन् । महिलाको सक्रियता र एकता देखेपछि उनीहरूले अन्य क्षेत्रमा पनि प्रभाव बढाएका रहेछन् । छलफल केन्द्रकी अध्यक्ष रत्ना सामुदायिक वनको पनि अध्यक्ष भएकी छिन् ।

छलफल केन्द्रका महिलाले गाउँको सरसफाइमा पनि सचेतनाको काम गरेका रहेछन् । छलफल गठनपछि मन्दिर रङ्गरोगन गरेर सफा बनाएका छन् । त्यतिमात्र होइन, एकापसमा सहकार्य र सहयोग पनि गर्ने गरेका छन् । कृषिको ज्यालादरको विभेदका बारेमा पनि आवाज उठाउन थालेका छन् । “उस्तै काम गर्ने पुरुषको तीन चार सय हुन्छ भने महिलाको जम्मा डेढ सय हुन्छ, हामीले यस्तो विभेद गर्न पाइँदैन भनेका छौं”- सबै सहभागीले एक मुख लगाए । तर महिलाले यति आवाज उठाउँदा पनि ज्यालामा समानता भने हुन सकेको छैन । महिलाले आवाज उठाउन सक्नु पनि अहिलेको अवस्थामा केही उपलब्धि पक्कै मान्न सकिन्छ । हिजो/अस्तिसम्म चुलोचौकामा सीमित हुने दिदीबहिनी आज निर्धक्क आफ्ना कुरा राख्न सक्ने भएका छन् ।

सहजकर्ता दीपा गुरुङ दिदीबहिनीमा आएको परिवर्तन देखेर दङ्ग छिन् । महिलाले गाउँमा पनि प्रभाव बढाएका छन् । गाउँका मान्छेले उनीहरूका कुरा सुन्न थालेका छन् । सुरुसुरुमा महिला सहभागिता जुटाउन उनलाई गाह्रो भएको थियो । त्यसैले उनले शुक्रबार नाचगान गर्ने कार्यक्रम बनाइन् । त्यसपछि भने सहभागिता निरन्तर छ । साँच्चै महिला मादल बजाएर छमछम नाच्दै सन्देशमूलक गीत गाउने गरेका रहेछन् :

सफा खाना खानुपर्छ अनि स्वच्छ पानी
अब हामी स्वस्थ हुन्छौं यस्ता कुरा जानी
किसानी दाइको हलो र जुवा
वन र पाखा पलाउँछ पालुवा

सचेतनाका सन्देश भित्तामा टाँसिएका छन् । जहाँ पानी र सिँचाइको समस्या, वीउविजनको समस्या, माटोअनुसारको खेती गर्न नजान्दाको समस्या उजागर गरेका छन् । उनीहरू माटो परीक्षण प्रविधि, बजार व्यवस्थापन र कृषि केन्द्रको आवश्यकता देखेका छन् । उनीहरू अब यसबारे पनि दरिलो आवाज उठाउने तरखरमा छन् । यो पक्कै पनि चेतनाको उदाहरण हो ।

छलफलमा सहभागी दुई महिलाको कुराले भने मनमा अलिकति नरमाइलो लाग्यो ।

स्याउली बजारकी ६४ वर्षीया ओभी नेपाली र ६२ वर्षीया जयकला कामीको कथाले। उनीहरूका अनुसार वनको जग्गामा बस्न थालेको करिब दुई दशक भयो तर अहिले उनीहरू दुवैको परिवार विस्थापित भएको रहेछ। उनीहरूसहित अन्य १२ परिवार बसेको ठाउँ सामुदायिक वनमा गाभिन पुगेको रहेछ। चार भाइ छोराका लागि जमिन दिएर बाबुआमाको कर्तव्य निर्वाह गर्न नसकेको महसुसले जयकला दुःखी हुन्छिन्। जेठाजुको गोठमा बसेको बताउने ओभी छलफल केन्द्र आउने बाटैमा पर्ने आफ्नो वनको घर हेर्दै पुराना कुरा स्मरण गर्छिन्। भविष्यमा छोरानातिले हामीलाई बस्ने बास पनि बनाउन सकेनौ भन्छन् कि भन्ने चिन्ताले जयकलाको आँखा ओभानो छैन। ओभी र जयकलाका लागि प्रगतिशील सामुदायिक छलफल केन्द्र दुःख बिसाउने थलो मात्र नभई, अधिकार बुझ्ने र जान्ने अवसर पनि भएको रहेछ। ओभी निकै मीठो र धाराप्रवाह कविता भन्छिन्, नाटकमा अभिनय पनि गर्छिन्। उनी किसानका हकहितदेखि खाद्य सुरक्षाका कुरासमेत कुरा गर्छिन्।

गर्दैछौं कृषि काम खेती तरकारी
कहिले नि हुन्नरैछ किसानको जीवन सरकारी
वर्षभर काम गर्छु एक मुठी धान
किसानको दुःख पीडा सरकारले जान

महिलाले कृषि बजेट प्राप्त गरेको, वडा भेलमा सहभागिता बढेको, सचेतना र आत्मविश्वास बढेको कुरालाई सकारात्मक उपलब्धि मान्न सकिन्छ। दैनिक छलफलमा

मात्रै सीमित नभई अधिकार प्राप्तिका लागि गर्नुपर्ने कामबारे पनि उनीहरूलाई बताउन जरुरी छ। दैनिक आयले दैनिक गुजार्नुपर्ने विपन्न महिलाका लागि आयआर्जनमा टेवा पुग्नेखालका काम सिकाउन सकिए अझ उपयुक्त हुने देखिन्छ।

साटाखानीका महिला किसान

सुर्खेत जिल्लाको साटाखानी गाविस वडा नम्बर ४ लामिदमार पुग्दा बिहानको करिब ९ बजेको थियो। जाडो महिनाको समय भएकाले होला, घाम लागिसकेको थिएन, झिसमिसे मौसम थियो। जङ्गलछेउको बाटोमा एउटा सामान्य घरमा पुगियो। जसको तलपट्टिको कोठाको ढोकामा एक साइनबोर्डमा लेखिएको थियो- नमुना छलफल केन्द्र। यही ढोकाबाट छिर्ने साँघुरो कोठामा करिब २० जना जति महिला छलफल गरिरहेका रहेछन्। त्यो साँघुरो कोठाका भित्तामा विभिन्न पोस्टर टाँसिएका थिए। जसमा जलवायु परिवर्तन, महिला र पुरुषबीच कामको बोझ, खाद्य सुरक्षा, गाविसमा आउने बजेट, यी र यस्तै विषय उल्लेख थिए।

सुरुमा सबैबीच परिचयात्मक कार्यक्रम भयो। मसँगै, सामुदायिक आत्मनिर्भर केन्द्रका शान्तिराम भण्डारी, वाम संस्थाकी डीला भट्टराई, सामाजिक परिचालक विन्दुलाल केसी पुगेका थियौं। महिलाले आफ्नो परिचयसहित आफूले सिकेका कुरा भन्न थाले। अघिल्लो पङ्क्तिमा बसेकी ममता उपाध्याय निकै खुलेर बोलिन्- "यो छलफल केन्द्र गठन भएपछि महिला अधिकारबारे थाहा पायौं, महिला भएर पछाडि पर्न नहुने रहेछ, पछाडि बस्यो भने हेपिँदो रहेछ, अगाडि बढ्नेले मात्रै अधिकार पाउने रहेछन् भन्ने थाहा पायौं।" उनको कुरा नसकिँदै छेवैमा बसेकी सरस्वती परियारले भनिन्- महिलालाई बजेट आउँदो रैछ, बजेट आको कुरा बुझिने पनि रैछ, नत्र त पहिला हामीलाई त्यस्तो कुरा थाहा नै थिएन।

पहिले बोल्नसमेत धक मान्ने छलफल केन्द्रकी अध्यक्ष राजकुमारी खाम्चा अहिले वडा भेलामा माग राख्न सक्ने भएकी रहिछन्। मीठो बोलेर अरूलाई प्रभावित गर्न सक्ने खुबी रहेछ उनको। पहिला पहिला त वडा भेलामा किन जाने जस्तो लाग्थ्यो उनीहरूलाई। छलफल केन्द्रमा जान थालेपछि उनीहरू वडा भेलामा जान थाले। केही बाल्न नसक्ने उनीहरू अहिले माग राख्न सक्ने भएका छन्। आफूमा आएको परिवर्तन देखेर उनीहरू आफैँ दङ्ग छन्।

खाद्य अधिकार र सुशासनबारे पनि उनीहरू सचेत भएका रहेछन्। खाद्य अधिकारबारे प्रश्न गर्दा केही अकमकिए, केहीले सम्झिएजस्तो गरे भने केहीले आत्मविश्वासका साथ जवाफ

दिए। पच्चे कुरा खानु, सरसफाइ गर्नु, खानेकुराहरूको सुरक्षा गर्नुका साथै सबैले खान पाउनु नै खाद्य अधिकार भएको उनीहरूले सिकेका रहेछन्।

खाद्य अधिकार र सुरक्षाको कुरा गरिरहँदा महिलाहरू उन्नत खेती प्रविधिबारे जान्न उत्सुक देखिए। यहाँका प्रायः सबै महिला कृषि पेशामा आबद्ध छन्। छलफल केन्द्रमा सहभागी हुन थालेपछि उनीहरू विभिन्न कृषि प्रविधिबारे जानकार त भएका छन् तर त्यसलाई उपयोग र उपभोग गर्ने सामर्थ्य आफूहरूको नभएको बताउँछन्। तर आफूले गरिरहेको उब्जनीमा पनि घरायसी मल, औषधी बनाउने तरिका थाहा पाएका रहेछन्। उनीहरूले यो वर्ष गाविसको कृषि बजेट पनि लिएका रहेछन्। जिल्ला कृषि विकास कार्यालयमा गएर आलुको बीउ ल्याएर सबैले बाँडेर लगाएका रहेछन्। "पहिले दश किलो बीउ रोप्दा सात आठ किलो फल्थ्यो, कृषि विकासबाट बीउ ल्याएपछि चाहिँ हामीलाई खानपुग्ने गरी फल्यो," अध्यक्ष खाम्चाले बताइन्। दूध बिक्री वितरण पनि उनीहरूको आम्दानीको स्रोत रहेछ। तर दूधको उचित मूल्य नपाएको गुनासो भने अन्य ठाउँका किसानजस्तै उनीहरूको पनि थियो।

सुरुमा वडा भेलामा जानसमेत हिच्किचाउने महिला अहिले वडा भेलामा एक महिलामात्र राखेकामा आपत्ति जनाउँछन्। उनीहरूलाई अहिले यो विभेद हो भन्ने महसुस भएको रहेछ। यसलाई चेतनाले ल्याएको सशक्तीकरण भन्दा हुन्छ।

अहिले छलफल केन्द्र दिदीबहिनी भेटघाट गर्ने र रमाइलो गर्ने बहाना पनि भएको रहेछ। खगीसरा सापकोटा भन्छिन्- केटाकेटीमा कहिल्यै नगको भैली खेल्न गयौं, सामान किन्यौं।

साथीबीच भएपछि धेरै कुरा थाहा हुने रैछ, नत्र घरमा बसेर त के थाहा ?

गाउँमा महिलाको काम र प्रभाव बढेपछि पहिले नआएका महिला पनि आउन थालेको अनुभव सहजकर्ता शान्ति बिकको छ। छलफल केन्द्रमा महिलाको रुचि बढेपछि उनीहरूले कृषि समूह बनाएर दर्ता पनि गरेका रहेछन् जिल्ला कृषि विकास कार्यालयमा। जिल्ला किसान भेलामा यस पटक छलफल केन्द्रका दुई जना महिला सहभागी भएका रहेछन्। उनीहरूले गाउँमा कृषिसम्बन्धी भित्ते पात्रो बाँडेपछि झन् छलफल केन्द्रबारे चर्चा हुन थालेको रहेछ। अनि त मानिसले भन्न थालेछन्- 'गर्दा रहेछन् महिलाले पनि।' यस्ता कुराले महिलामा निकै आत्मविश्वास पलाएको रहेछ।

छलफल केन्द्रकी सक्रिय सहभागी इन्द्रकली सापकोटाका श्रीमान् मुम्बईमा मजदूरी गर्छन्। दुई छोराकी आमा इन्द्रकली किराना पसल चलाएर बसेकी छिन्। पहिले पहिले मानिसका अगाडि बोल्न धक लाग्ने उनी अहिले आत्मविश्वासका साथ अन्तरर्वार्ता दिन तयार भइन्। "हामी साथीबीच पनि नमस्कार भन्न लाज मान्थ्यौं। मकैबारीमा घाँस काट्न भेट्दा पनि नमस्कार भनेर परिचय गरौं भनेर गर्न थाल्यौं। अहिले त सबै जना मजाले बोल्छौं"- उनी भन्छिन्। पढेर भन्दा पनि छलफलमा सहभागी भएर जानेकी इन्द्रकलीलाई अब अगाडि बढ्नुपर्छ भन्ने लागेको रहेछ। त्यसैले आफूले नसके पनि पढेका दिदीबहिनीलाई स्थानीय

क्षेत्रको महत्वपूर्ण पदमा राख्नुपर्छ भन्ने उनलाई लागेको रहेछ। “अब हामी अगाडि बढ्यौ, हरेक कार्यक्रममा सहभागी हुन्छौं, हामीले पाउने अधिकार अब हामी छोड्दैनौ”- उनले ओजपूर्ण आवाजमा भनिन्।

अन्त्यमा, तीनवटै छलफल केन्द्रको भ्रमणपश्चात के भन्न सकिन्छ भने छलफल केन्द्रहरूमा हुने गरेको महिला सहभागिताले सबै महिलामा चेतनाको स्तर वृद्धि गरेको देखिन्छ। महिला हिंसा, महिला अधिकार, कृषि बजेट, वडा भेला, नागरिक मञ्च आदिबारे सचेत भएका छन् भने गाउँघरमा उनीहरूको पहिचान बढेको छ। स्थानीय संरचनामा उनीहरूको प्रतिनिधित्व बढेको छ। उनीहरू समाज सुधारका कार्यमा पनि सक्रिय हुन थालेका छन्। तर उनीहरू छलफल केन्द्रलाई आयआर्जनको माध्यम बनाउन चाहन्छन्। यसबारे पनि सोच्नुपर्ने देखिन्छ। अधिकांश महिला कृषिमा आबद्ध हुने भएकाले आफूले गरेको कृषि कामलाई उन्नत बनाउन पाए जीवनयापन सहज हुने उनीहरूको बुझाइ छ। महिलालाई एकताबद्ध बनाउँदै नवीनतम कृषि प्रविधिसहित सिपमूलक काम सिकाउने हो भने उनीहरूले साँच्चै परिवर्तन अनुभूत गर्न पाउनेछन्। वाम संस्थाकी कोषाध्यक्ष डिला भट्टराई महिलामा बढेको सशक्तीकरणलाई उदाहरणीय मान्छिन्। “परिचय दिन धक मान्नेहरू अहिले गाविसमा हाम्रो बजेट खोई भन्न सक्नुहुन्छ भने यो नै सशक्तीकरण हो”- उनको बुझाइ छ।

पूर्वप्रधान मन्त्री शेरबहादुर देउवाको जिल्ला तथा गाउँघरका महिला किसान

- सुरज कुँवर

साना, महिला र भूमिहीन किसानको हक अधिकारका लागि स्थानीयदेखि नीतिगत तहसम्म बहस पैरवी गर्दै आएको आत्मनिर्भर सेवा केन्द्रले नेपालको सुदूरपश्चिमस्थित डडेल्धुरा जिल्लाका 'स्थानिय समुदायमा खाद्यसुरक्षा सम्बन्धमा के कस्तो पहल भइरहेको छ भन्नेबारे अध्ययन गर्ने सिलसिलामा २०७१ पुस ९ गते एक साताको अध्ययन, अवलोकन र समाचार सङ्कलनका लागि म डडेल्धुरा पुगेको थिएँ। राजधानीबाट धनगढीसम्मको हवाई यात्रा र त्यसपछिको मोटरसाइकल यात्राबाट डडेल्धुराको आलिताल, असीग्राम र मणिलेक गाविस पुगियो। अक्सफाम तथा आत्मनिर्भर केन्द्रले डडेल्धुरामा एकीकृत विकास समाज नेपाल (आइडिइएस नेपाल) सँग सहकार्य गरी परियोजना सञ्चालन गर्दै आइरहेको देखियो। सबैभन्दा पहिले भित्री मधेस मानिने डडेल्धुराको आलिताल गाविस पुगियो।

आलितालमा जे देखियो

पुस १० गते बिहान धनगढीबाट भीमदत्त राजमार्गको सडकमार्ग हुँदै डोटीको बुडरबजारबाट ग्रामीण सडकको बाटो आलिताल गाविसको वडा नम्बर १ स्थित बेलभाडी पुगियो। अर्गानिक मह उत्पादनमा ख्याती आर्जेको यस गाउँमा महिला किसानको बाहुल्यता भएको 'वडा नागरिक मञ्च' को बैठक चल्दै थियो। धेरै वर्षदेखि पुरुषले नेतृत्व गरेको उक्त बैठकको अध्यक्षता गोमतीदेवी बोहोराले गरिरहेकी थिइन्। जहाँ भौतिक पूर्वाधार, कृषि, शिक्षा, आयमूलक सामाजिक कार्यक्रमलगायतसँग जोडिएका माग र तिनीहरूको प्राथमिकीकरण हुदै थियो।

२७ जना कार्यसमिति सदस्य रहेको मञ्चमा महिलाको बाहुल्यता थियो । यसमा १३ जना महिला थिए । पछिल्लोपटक स्थानीय निकायअन्तर्गत वडा र गाविसमा हुने गाउँ परिषद्मा यी महिलाको आवाज पुगेको देखियो । चालु आर्थिक वर्षमा गाविसको बजेट बाँडफाँटमा हिस्सा ओगट्न सफल महिला किसानले आगामी आर्थिक वर्ष २०७२/०७३ का लागि आफ्नो पक्षमा के गराउन सकिन्छ भन्नेबारे छलफल गरिरहेका थिए । उनीहरूसँग सामूहिक अन्तरक्रिया गर्दा पुरुष पलायन मुख्य समस्या भएको छ । पुरुषबिहीन भएका कारण कतिपय परिवारका महिला मञ्चमा संलग्न भएका थिए । यदि पुरुष कामको खोजीमा भारत र मध्यपूर्वी मुलुक नपसेका भए सायदै महिलाले अवसर पाउँथे तर महिलाहरू एकबद्ध भएकै कारण गाउँमा छाउपडी प्रथा हटाउने अभियान सञ्चालन भइरहेको छ । सरकार र गैरसरकारी निकायसँग गरिबी निवारणका लागि आर्थिक सहयोग मागिरहेका छन् । महिला किसानलाई कृषि कर्मपछिको समयमा सिलाइकटाइलगायतको सिपमूलक कार्यमा जोड्न चाहेका छन् । स-साना नानीहरू अध्ययन गर्ने गाउँकै एकमात्र प्राविलाई चार कोठे भवन आवश्यक भएको जनाउँदै वडा परिषद्बाट माग उठाई गाउँ परिषद्सम्म पुऱ्याएका छन् । सबै महिला एकबद्ध भएकैले समस्या सूचीकरण गरिएका छन् । प्रजनन स्वास्थ्यबारे छलफल गर्छन् । सुत्केरीहरू सुरक्षित आहारा र खानपानबारे सिक्न थालेका छन् । स्याहार्न सिकिरहेका छन् । स्थानीय निकाय कसरी सञ्चालन हुन्छ भन्नेबारे सदस्यहरूले जानकारी पाएका छन् भने गैरसरकारी संस्थाहरूले नमुना गाउँ/जिल्लाको भम्रणमा सहभागी गराउन थालेका छन् । जलवायु परिवर्तनको असर गाउँमा र उत्पादनमा देखिएको छ । पछिल्ला वर्ष ढिलो सक्रिय हुने मनसुन यसपटक चाँडै सक्रिय भएपछि अत्याधिक वर्षा हुनाले बाढीले धेरै खोला छेउछाउका खेत कटान गरेको छ ।

आलितालमा गरिएको अवलोकन र किसानसँगको अन्तरक्रियापश्चात

- महिलाहरू सिपमूलक सिकाइ चाहन्छन् तर बजेट छैन ।
- बजेट माग्दा अत्यन्तै थोरै आउँछ ।
- खानेपानीको मुख्य समस्या छ । सिँचाइको त कुरै भएन ।
- पाँच वर्षमुनिका बालबालिकाको सङ्ख्या धेरै भएकाले स्याहार केन्द्रको अभाव छ । किसानहरू छोराछोरी साथसाथै लिई काम गर्न बाध्य छन् ।
- विद्युत् छैन ।
- जालटुडा, ग्वान्नी, गोगनपानी जोड्ने कृषि सडक भइदिए गाउँको उत्पादन सङ्कलन केन्द्रसम्म ढुवानी गरी किसान व्यवसायी हुन सक्थे ।
- उपस्वास्थ्य चौकीको अभाव छ ।
- किसानले जर्सी गाई पाल्ने रहर गरेका छन् तर उन्नत नश्ल कसरी कहाँ पाइन्छ जानकारी छैन ।
- कृषि विकास मन्त्रालयले यस वर्ष विनियोजन गरेको १३ अर्ब अनुदान बजेटमध्ये आफ्नो जिल्लाका लागि सुहाउँदो कार्यक्रमबारे जानकारी छैन । उनीहरूले माग गरेका कार्यक्रम अनुदानमा पर्दैनन् ।
- अदुवा खेतीको सम्भावना छ तर तालिम कुनै पनि किसानले पाउन सकेका छैनन् ।

असीग्रामका महिला किसान

पूर्वप्रधान मन्त्री एवम् कङ्ग्रेसका वरिष्ठ नेता शेरबहादुर देउवाको जन्मथलो असीग्राम गाविस भीमदत्त राजमार्गबाट करिब ९ किलोमिटरको कृषि सडकको यात्रा तय गरेपछि पुगिन्छ । यस गाविसको वडा नम्बर ५ मटेला देउवा जन्मेको गाउँ हो । यहाँका महिलाले 'निर्पाल सामुदायिक छलफल केन्द्र' सञ्चालन गर्दै आएका छन् । असीग्रामको यस केन्द्रमा सबै महिला किसान आबद्ध छन् । यस केन्द्रमा कृषि सञ्जाल पनि छ । आलितालका किसानसँग तुलना गर्दा यस गाविसका किसानबीच केही समानता छन् भने धेरै भिन्नता छन् । गत वर्ष खेतबाट धान/गहुँ ओसार्ने बाटो सुधार्न बजेट मागे । २० हजार रुपियाँ दियो । श्रमदान गरेर बाटो सुधारे । यसरी स्थानीय निकायमा आवाज पुऱ्याउने क्रम बढेको छ । पहिले जस्तो कोठे बैठक गरी पुरुषमात्रै सहभागी हुनेखालको गाउँ र वडा परिषद् सम्पन्न हुन दिँदैनन् ।

गाउँमा देउवा थरको बाहुल्यता रहेकाले समूहमा पनि देउवाकै बाहुल्यता धेरै देखियो। अनि मात्रै रावत, धामी, दियाल, नेगी, सुनार, बिक, बोहोरा, जोशी, भट्टलगायत थरका महिला छन्। कमलादेवी रावतले यो समूहको अध्यक्षता गरेकी छिन्।

असीग्रामका महिला किसानसँगको अन्तरक्रियापछि

- कृषि/सिँचाइमा कुनै सेवा/सुविधा आवश्यक्ता परे सोझै पूर्वप्रधान मन्त्रीलाई लेखेर पठाउँछन्। अनि जिल्ला कार्यालयलाई भन्छन्।
- एक अर्कालाई खेती कर्ममा सघाउँदै सामूहिक काम गर्छन्।
- संयुक्त पुर्जाबारे चेतना बढ्दै गएको छ।
- मल कसरी लिने, जिल्ला कृषि विकास कार्यालयमा हुने छलफल, भम्रणमा कसलाई पठाउने भन्नेबारे सामूहिक निर्णय गर्छन्।
- छुवाछुत हट्दै गएको छ।
- कुन खेती कसरी गर्ने भन्ने सिकेकाहरूले अरूलाई पनि तालिम दिने गर्छन्। बाली लगाउँदा एकरूपता अपनाउँछन्।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवस, जस्तै- नारी दिवसलगायतका पर्व मनाउने चलन थालेका छन्।
- खुला मदिरा बिक्री वितरण र सेवनमा रोक लगाएका छन्।

मणिलेक गाविसका महिला किसान भटेपछि

यस भ्रमणको अन्तिम गाविस थियो मणिलेक। डडेल्धुरा सदरमुकामको उपबजार मानिने पोखराबाट उत्तरतिर करिब १३ किलोमिटरको गाउँले कच्ची बाटो हिँडेपछि पुगियो मणिलेक। यस गाविसको वडा नम्बर ७ स्थित बकालमा ३२ घरधुरी साउद, बोहोरा, खत्री र लोहार रहेछन्। यी सबै 'मणिलेक सामुदायिक छलफल केन्द्र' मा आबद्ध छन्।

गाउँघरमा देखा पर्ने घरेलु समस्याबारे कसरी वकालत गर्ने भनेर उनीहरूको कक्षामा नियमित पढाइ हुन्छ। अक्षर नसिकेकाहरूलाई अक्षर सिकाइन्छ। मञ्जू साउदले सहजीकरण गर्छिन्। भ्रमणका क्रममा सामाजिक भत्ता लिइरहेका वृद्धाहरू पनि साक्षर भएको देखियो। यसको उदाहरण हुन् ६७ वर्षिया जोगनी बोहोरा। उनी बुढेसकालमा अक्षर चिन्न पाउदा दङ्ग थिइन्। उनी जस्तै धेरै महिला हस्ताक्षर गर्न सक्ने भएका छन्।

यहाँका महिलाले भनेअनुसार सबैभन्दा ठूलो समस्या पुरुषहरूको मदिरा र जुवातासको सङ्गत हो। गत वर्ष असारमा महिला एकै थलोमा आएपछि यो समस्या धेरै हदसम्म घटेको छ। गत वर्ष ४२ हजार रुपियाँ जरिवानासमेत सङ्कलन गरे। यो मदिरा सेवन गर्ने पुरुषबाट सङ्कलन गरिएको रकम थियो। यो रकम गाउँको प्राविमा शैक्षिक सामग्री किनमेलमा प्रयोग भयो। महिलाहरू परम्परागत कृषि सिकाइ र अनुभव आदान-प्रदान गरिरहेका छन्। स्थानीय निकायसँग बजेट माग्ने र योजना दिनेमा यो गाविसका महिला आलिताल र असीग्रामको तुलनामा अलि पछाडि नै देखिए। तर महिलाहरू नगदे बालीमा आकर्षित भएका छन्। भारतमा श्रम बिक्री गर्न गएका अधिकांश पुरुषका पत्नीहरूले तरकारी खेती गरेका छन्। त्यसको आम्दानीबाट छोराछोरीलाई स्कुल पठाएका छन्।

तीनवटै गाविसको भम्रणपछिको निष्कर्ष

- किसानले गोठे मल प्रयोग गर्न छाडेका छैनन्। अर्गानिक खेतीका कार्यक्रममा जोड्न सकिन्छ।
- पहिले पहिले सरसफाइ र पहिरनलाई प्राथमिकता नदिने चलन भएको सन्दर्भमा यस भेगमा तीनवटै समूहले एउटै ड्रेस लगाउने धोको भएको तर स्रोत जुटाउन नसकेको बताए।
- छोराछोरीसँगै बसेर होमवर्क गर्छन्।
- महिलालाई प्रशिक्षण दिने स्रोत व्यक्तिमा सिकाइको अभाव। कमजोर सिकाइ।

- सामुदायिक वन खुलेका बेला घाँस/दाउराको जोहो गर्नुपर्ने भएकाले कक्षा र बैठक नियमित गर्न गाह्रो ।
- वडा परिषद्बाट माग गरेअनुसारको बजेट आउँदैन । आए पनि थोरै आउँछ ।
- पुरुष पलायनका कारण महिलाको भरमा पुरै कृषि आइपरेको छ । कुन बाली लगाउने ? के लगाउँदा फाइदा हुन्छ भन्नेबारे कमजोर जानकारी ।
- सरकारले दिने अनुदानका कार्यक्रमबारे जानकारी नै नहुने । जानकारी भइहाले पनि म्याद सकिएपछि मात्रै हुने ।
- जेटिए/प्राविधिक गाउँमा नआउने ।
- पशुपालन गर्न चाहनेहरूका लागि उन्नत नश्ल अभाव छ ।
- दातृ निकाय हुँदै कार्यक्रम कार्यान्वयन गर्ने गैरसरकारी संस्थाहरूबाट अपेक्षा गरेअनुसार स्रोत नपाउने गरेको गुनासो छ । र, दक्षता प्राप्त व्यक्तिको अनुगमन, मूल्याङ्कन, प्रशिक्षण हुनुपर्छ ।
- किसानहरू समूहमा बाँधिएर कृषि/पशु कार्यालयमा आबद्ध भए पनि सेवा/सूचनाबाट वञ्चित छन् ।

भूमि आन्दोलन, ६ दशकसम्म जहाँको त्यहीँ

- जनक नेपाल

किसान नेता भीमदत्त पन्तको अगुवाईमा 'जसको जोत उसको पोत' को अभियान सुरु भएको ६ दशक नाघिसक्दा पनि डडेलधुराको भूमि समस्या जस्ताको त्यस्तै छ।

सुदूरपश्चिमी पहाड र तराईमा किसान नेता भीमदत्त पन्तको निकै ख्याति छ। लोकतन्त्रपछि महेन्द्रनगर फेरिएर भीमदत्त नगरपालिका बनेको छ। उनको जन्मथलो डडेलधुराका थुप्रै चोक र बिसौनीमा शालिक राखिएका छन्। मुख्य चोक र गल्लीमा मात्र हैन, गाउँमा समेत उनका शालिक ठडिएका छन्। हरेक सालिकसँगै लेखिएको छ-

कि त जोत हलो कि त छोड थलो।
यदि होइन भने अब छैन भलो।

२००७ सालतिर भीमदत्तले डडेलधुरामा यो नारा घन्काएका थिए। गाउँका ठालुहरूले ओगटेका जग्गा र सम्पत्ति गरिब किसानलाई बाँड्ने क्रममा थुप्रै हलियालाई ऋण मुक्त गराए। ब्रह्मदेव मण्डी कब्जा गरेर किसानलाई नून बा'ड्नेदेखि 'जसको जोत उसको पोत' नारा लगाउने भीमदत्तको २०१० सालमा षड्यन्त्रमूलक ढङ्गले हत्या गरियो। उनको अभियानले ६ दशक नाघिसकेको छ तर डडेलधुराको भूमि समस्या भने जस्ताको त्यस्तै छ।

२०६५ सालमा सरकारले हलिया मुक्तिको घोषणा गऱ्यो तर उनीहरूलाई पुनःस्थापन भने अझै गर्न सकेको छैन। मुक्त हलियाले स्वतन्त्रताको अनुभूति गर्न सकेका छैनन्। घरबास

नहुनेहरू अझै पूर्वमालिकको बारीमै झुपडी हालेर बसिरहेका छन् । एउटै घरमा १२ परिवारसम्म कोचिएर बसेका उदाहारण छन् (हेर्नुहोस् बक्स १) ।

पछिल्लो जनगणना २०६८ अनुसार डडेल्धुराको जनसङ्ख्या १ लाख ४९ हजार छ । त्यसको झण्डै २० प्रतिशत जनसङ्ख्या सामाजिक र सांस्कृतिकरूपमा युगौंदेखि शोषणमा परेका दलित समुदायको छ । एक अनौपचारिक तथ्याङ्कअनुसार, तीमध्ये ९० प्रतिशतभन्दा बढी भूमिहीन छन् । यहा'का १८ गाविसमध्ये मणिलेक, नवुदर्गा, मस्टमाडौं, कोटेली, गणेशपुर, असीग्राम, बगरकोट, चिपुर, भद्रपुर, जोगबुढा, आलिताल र शीर्ष गाविसमा दलितको बाक्लो बसोबास छ ।

स्वतन्त्र तर भूमिहीन

बगरकोटका जहरे सार्की ५० वर्षका भए । १० वर्ष नलाग्दै हलो समाएका उनले चार दशक हलिया बनेरै बिताए । उनका बाजे हलिया थिए । बुबाको जिन्दगी हलिया बसेरै बित्यो । अनि, पुस्तैनी पेसाभैँ जहरेले पनि आफ्नो जवानी हलियामै बिताए । केही वर्ष जयराज पन्तको खेतबारी जोते । उनको ऋण तिरेपछि चेतराज भट्टकहाँ काम थाले । जोत्न गएको दिन एक छाक खान पाइन्थ्यो, एक छाक बराबरको अन्न कुटुरो पारेर घर फर्कन्थे । पाँच वर्षअघि मुक्तिको घोषणासँगै स्वतन्त्र भएका जहरेको मुहारमा खुसीका रेखा भने अझै देखिएनन् किनभने अहिलेसम्म उनको नाममा एक हात पनि जग्गा छैन । पूर्वमालिकको बारीको कुनामा बनाएको झुपडी छ । त्यो पनि कुन दिन छाड्नुपर्ने हो टुङ्गो छैन ।

जहरे एउटा प्रतिनिधि पात्र हुन् । बहुसङ्ख्यक हलियाले मुक्तिको कुनै अनुभूति गर्नै पाएका छैनन् । शान्ति तथा पुनःनिर्माण मन्त्रालयले लिएको लगतअनुसार डडेलधुरामा २ हजार ५ सय ७६ मुक्त

हलिया छन् तर मालपोत कार्यालयले १ हजार ४ सय ४२ मुक्त हलियालाई परिचयपत्र वितरण गरेको छ। त्यसमध्ये घरजग्गा दुवै नभएका क वर्गका २ सय ६१ परिवार छन्। त्यस्तै, घर भएका जग्गा नभएका ख वर्गका ५ सय १७ परिवार छन् भने जग्गा भएका घर नभएका ग वर्गका ६५ र दुवै भएका घ वर्गका ५ सय ९९ परिवार हलियाले परिचयपत्र पाएका छन्।

हलिया पुनःस्थापना कार्यादेशअनुसार २०७१ सालमा १५ परिवारलाई जग्गा खरिद गर्ने कार्यक्रम छ। त्यस्तै २८ परिवारको घर निर्माण र २० परिवारको घर मर्मत गर्ने कार्यक्रम रहेको मालपोत कार्यालयले जनाएको छ। पहिलो चरणमा घर निर्माण र जग्गा खरिदका लागि सूचना प्रकाशन गरेपछि ५२ वटा निवेदन परे। तर छानविनका क्रममा क वर्गका हलियाको घर र जग्गा भेटिएपछि पुनःस्थापनामा अन्योल भएको प्रमुख मालपोत अधिकृत रघुनाथ अवस्थी बताउ'छन्।

राज्यले पुनःस्थापनामा पर्याप्त चासो नदेखाए पनि मुक्ति घोषणाले पूर्वहलियाको आत्मसम्मान भने बढाएको छ। केहीले ऋण धन गरेर घर जग्गा जोडेका छन् भने कतिपय गाउ'कै अगुवा भएका छन्। पहिले बँधुवा मजदुरका रूपमा हलिया बस्न बाध्य युवाहरू अहिले स्वतन्त्र पेसा अङ्गाल्न पाएकामा खुसी छन्। केही मुक्त हलियाले जग्गा जोत्ने ठेक्का लिने गरेका छन्। एक मौसमको चार हजारसम्म लिने गरेको मुक्त हलिया गगन सार्की सुनाउँछन्। केही युवा खेतबारी जोत्नुभन्दा सजिलो काम खोज्दै भारत छिरेका छन्।

डडेलधुराको असीग्रामस्थित खोलीगाउँका कमल सार्की ६ वर्षअघिसम्म पूर्वप्रधान मन्त्री शेरबहादुर देउवाका भाइ बलबहादुर देउवाका हलिया थिए। आफ्नै विवाहमा लिएको २० हजार ऋण तिर्न नसकेपछि उनी हलिया बसे। २०६५ सालमा हलिया मुक्तिको घोषणासँगै स्वतन्त्र भए पनि उनको परिवार अहिलेसम्म पुनःस्थापना हुन सकेको छैन। बरु गाउँलेले अगुवा छाने। कमल अहिले वडा नं. ६ का नागरिक मञ्चका संयोजक चुनिएका छन्।

त्यस्तै, भूमि अधिकार मञ्चकी जिल्ला अध्यक्ष लक्ष्मी सार्की दम्पतीले ऋण धन गरेर घर जग्गा किनेका छन्। उनीहरू अहिले बाख्रापालन र तरकारी खेती गरेर गुजारा चलाउँदै आएका छन्। गाउ'मा गठन गरिएको भूमि अधिकार समूहले बाख्रापालन, खानेपानी र सोलार जडानका लागि गाउँ परिषद्मा माग राखेको थियो। बाख्रापालनका लागि १ लाख, खानेपानीका लागि ४० हजार र सोलारका लागि ३४ हजार निकासा भएकोमा उनीहरू दङ्ग छन्। उक्त समूहमा ३७ भूमिहीन हलिया परिवार सङ्गठित छन्।

हलिया किन भूमिहीन ?

सुदूरपश्चिमी पहाडमा सामाजिक संरचनाका कारण आर्थिकरूपले विपन्न दलित समुदायका धेरै समस्यामध्ये दासप्रथाको अवशेषका रूपमा रहेको हलिया प्रथा एउटा हो । दलितको ठूलो हिस्सा बालिघरे र हलिया प्रथाबाट श्रम शोषणमा पर्दै आएको छ ।

दलितहरू कथित जातीय पेशा गरेबापत बाली स्याहार्ने बेलामा पाउने खलो अर्थात् केही अन्नपातकै भरमा जीविका चलाउ'दै आएका थिए । कथित माथिल्लो जाति बाहुन र क्षत्रीको हलो नजोत्ने परम्परा छ । हलो जोत्नुलाई दलितको कथित जातीय पेसा भनियो । पछि बँधुवा मजदुरका रूपमा हलिया राख्ने कुप्रथा सुरु भयो । पश्चिम तराईको कमैया प्रथाको पहाडी रूप भनेकै हलिया प्रथा हो ।

गाउ'का धनी व्यक्ति वा जग्गाधनीबाट लिएको ऋण तिर्न नसकेर त्यसको ब्याजस्वरूप खेतबारी जोतिदिनुपर्ने बाध्यता नै हलिया प्रथा हो । पुरुषले हलो जोत्ने र महिलाले खेतबारीमा अरू काम गरिदिनुपर्थ्यो । बाबुबाजेले लिएको ऋणको ब्याजस्वरूप पुस्तौंसम्म हलो जोतिरहनुपर्ने बाध्यताले हजारौं हलिया शोषणमा पर्दै आएका थिए ।

बँधुवा मजदुरका रूपमा पुस्तैनी अर्काको खेतबारी जोतिरहे पनि मुक्त हुनुअघिसम्म प्रायः सबै हलियाले जग्गाधनीकै बारी कान्लामा झुपडी हालेर बसेका थिए । जग्गाधनीले एक टुक्रा पाखो बारी पनि दिने चलन थियो । वर्षौं हलो जोते पनि कुनै मालिकले हलियालाई पाखो बारी दिएनन् । कानुनतः मोहियानी हक लाग्नुपर्ने हो । त्यो हक पनि लागेन । डडेलधुराका झण्डै ९० प्रतिशत दलित भूमिहीन हुनुको मुख्य कारण यही भएको भूमि अधिकार मञ्चको भनाइ छ । मुक्तिपछि धेरैले हलियालाई आफ्नो बारीबाट हटाएका छन् । कतिपय हलिया अझै पनि पूर्व 'मालिक' को जग्गामै बसेका छन् ।

मुक्तिको घोषणा हु'दा हलिया समुदायमा जुन उत्साह थियो, त्यो अहिले छैन । किनभने सरकारले बिनाकुनै योजना मुक्तिको घोषणा गऱ्यो । न व्यवस्थितरूपमा लगत सङ्कलन गरियो, न त पुनःस्थापनाको कार्ययोजना ल्याइयो । भूमिहीनता र हलिया प्रथालाई एउटै बनाएर मुद्दालाई गोलमाल पारियो । राजनीतिक आग्रह र पूर्वाग्रह पनि देखियो । त्यसले वास्तविक हलिया छिन्नभिन्न भई रोजगारी खोज्दै गाउ'बाट पलायन हुनुपर्ने अवस्था आएको छ । हलिया मुक्ति आन्दोलनको नेतृत्वकर्ता राष्ट्रिय हलिया मुक्ति महासङ्घभित्र अनावश्यक विवादले पनि अभियानलाई प्रभावित पाऱ्यो ।

हलियाका क्षेत्रमा कार्यरत संस्थाका आङ्कडाले सुदूर पहाडका सबै दलित हलिया हुन् भन्ने भ्रम सिर्जना गरेको छ। हलिया र भूमिहीनको बेग्लाबेग्लै तथ्याङ्क सङ्कलन गर्नुपर्छ। हलियाको परम्परागत सिपको आधुनिकीकरण गरिनुपर्छ। त्यसका लागि हलियाको तथ्याङ्कमा शुद्धीकरण, छुट लगत सङ्कलन र वर्गीकरण गरी परिचयपत्र दिएर तत्काल घर निर्माण र जग्गासहित पुनःस्थापना गर्नुपर्छ।

नापी नभएकै ३८ वर्ष

पहिलोपल्ट १९९५ मा डडेलधुराको जग्गा नापी भएको थियो। त्यसपछि २०३३ सालमा नापी भयो। मुखिया र तालुकदारले पोत बुझ्ने, हक जोतको निस्सा दिने व्यवस्था २०३३ सालसम्मै थियो। तर ती गाउ'का ठालुको पहु'चमा नभएका विपन्न र दलितहरूले जोतिरहेका धेरै जग्गा अहिलेसम्म नापी भएको छैन।

नापी समस्या जकडिनुको मुख्य कारण त्यहा' ३८ वर्षदेखि पुनः नापी भएको छैन। व्यक्ति र गुठी संस्थाहरूले नापी गरेर लालपुर्जा दिलाउन माग गरिरहेका छन्। किनभने तीन पुस्तादेखि आफैँले भोगचलन गरेको जग्गाको स्वामित्व नपाएको अवस्था छ। छुट जग्गा दर्ताका लागि जिल्ला मालपोत कार्यालयमा २ सय २२ निवेदन दर्ता भएका छन्।

अमरगढी-७ स्थित पोखरामा उग्रतारा भगवती गुठीको जग्गामा चार पुस्तादेखि बस्दै आएका ३० परिवारको जग्गा दर्ता भएको छैन। पहुँच हुनेहरूले दर्ता गराइसकेका छन्। स्वयम् गुठीले पनि आफ्नो नाममा लालपुर्जा लिन सकेको छैन। त्यहा' म्रेस्ता र फिल्डबुकमा गुठीकै नाम रहे पनि व्यक्तिले भोगचलन गर्दै आएका छन्। विवादित जग्गामा मन्त्री परिषद्को निर्णयविना लालपुर्जा दिन नसकिने मालपोत अधिकारी बताउँछन्।

छलफल केन्द्र : महिला सशक्तीकरणको थलो

मणिलेक-४, चौठमा गौडीवाग छलफल केन्द्र छ। त्यसको अध्यक्ष छिन् पारु खडायत। एक वर्षअघिसम्म सदरमुकाम जाँदा बिक्रीका लागि राखिएका तरकारी देख्दा उनीहरूलाई अचम्म लाग्थ्यो रे। 'यति ठूला बन्दा काउली कहा' फल्दा हुन्भैँ लाग्थ्यो', टिकेश्वरी खडायत भन्छिन्- अहिले हाम्रै बारीमा हरिया तरकारी छन्। भान्सामा तरकारी पाक्न थालेको छ। फलेका तरकारी डोकोमा बोकेर खलङ्गा पुऱ्याउँछन्। बेचेर नून तेल किन्छन्।

चौठमा सिँचाइ सुविधा नभएको पाखो बारी छ। आकासे पानीको भरमा बाली फल्छ तर तरकारी खेतीतर्फ आकर्षित किसानले पाखो बारीलाई बाह्रैमास ऊर्वर पारेका छन्। गत वर्ष

असारमा छलफल केन्द्र गठन भएयता यहा'का महिलाले लाभ लिएका छन् । छलफल केन्द्रमा सातामा तीन दिन महिला समस्या र समाधान खोज्ने गरी भेला हुन्छन् । पहिले वडा नागरिक मञ्चबारे कुनै थाहा थिएन । गाउ' परिषद्मा योजना कसरी बन्छन् भन्ने पनि पत्तो थिएन तर अहिले केन्द्रकै सदस्य टिकेश्वरी खडायत वडा नागरिक मञ्चकी अध्यक्ष चुनिएकी छिन् । पहिले यस्ता मञ्चबारे थाहै थिएन । को अध्यक्ष छ, त्यो पनि थाहा हुँदैनथ्यो ।

महिला योजना तर्जुमा गोष्ठीमा पनि सहभागी हुन्छन् । गाउ'मा कृषि समूह गठन गरेका छन् । जिल्ला कृषि कार्यालय गएर उन्नत जातका बीउविजन ल्याउँछन् । पहिले गाउँका बारी कान्ला बाँझै हुन्थे । अहिले मौसमी तथा बेमौसमी तरकारीले हराभरा छन् । माहुरीपालनप्रति पनि किसान आकर्षित छन् ।

महिला जुटेपछि घर-घरमा शौचालय बनेका छन् । खानेपानीका लागि कवरसिन खोलामा ट्याङ्की बनाउन पहल थालेका छन् । छोराछोरी र महिला पुरुष बराबर भन्ने मान्यता स्थापित हुँदैछ । संयुक्त लालपुर्जा लिने क्रम पनि बढेको छ । ख्याटीदेवी खडायत र चेतबहादुरको नाममा पहिलो संयुक्त लालपुर्जा बनेको छ । पहिले बालविवाहले आक्रान्त गाउ'मा अहिले २० वर्ष नपुगी कसैको विवाह हु'दैन । एकीकृत विकास समाजको पहलमा गाउँका छाउगोठ भत्काइए । धुवाँरहित चुलो बनाइए ।

केहीअघिको गाउँ परिषद्मा महिलाले सिँचाइ माग गरे । परिषद्बाट पहिलोपल्ट महिलाका लागि बजेट छुट्याइयो । सिँचाइको माग पनि आंशिक सम्बोधन भयो । १ सय ४५ परिवारको बसोबास रहेको गाउ' छलफल केन्द्रको बैठक सकिएपछि महिलाहरू गीत गाउ'दै ना'चे- अज्ञानले छाएका पर्दाहरू, शिक्षाको ज्योतिले फाल्नुपर्छ ।

उता, असीग्राम ४ की वसन्ती भण्डारीले गाविस भवन देखेकीसम्म थिइनन् तर कैलपाल छलफल केन्द्र गठन भएपछि महिलाले उनलाई अध्यक्ष बनाए । 'छलफल केन्द्रमा सिकेर बोल्न सक्ने भए' । आफ्नो अधिकार थाहा पाइयो', उनी भन्छिन्- महिला, दलित र किसानका लागि पनि बजेट हुँदोरहेछ । महिलाकै पहलमा गाविस परिषद्ले सिपमुलक तालिम सुरु गरेको छ । १० जनालाई सिलाइकटाई तालिम दिइसकेको छ ।

छलफल केन्द्रमा हुने खाद्य सुरक्षा कक्षाबाट कृषिसम्बन्धी धेरै जानकारी पाएको महिलाको अनुभव छ । उनीहरूले ग्रिन हाउसमा खेती गर्न, उन्नत बीउविजन छान्न र जैविक मलबारे तालिम पाए । गोठको मल व्यवस्थापन सिके । पहिले डोकामा हालेर मल लगेर खेतमा घोप्ट्याउ'थे । त्यसो गर्दा घाम र प्रकाशले रासायनिक तत्व नष्ट हुँदोरहेछ भन्ने थाहा

पाएको उनीहरू बताउ'छन् । अहिले मलखादका लागि छुट्टै खाल्डो खनेका छन् । आधुनिक खेतीतर्फ लागेका छन् ।

बेसहारा भएका हलियालाई अर्का हलिया कालु सार्कीले बास दिएका हुन् । 'यो पनि मालिककै घर हो' कालुकी बुहारी लक्ष्मीले भनिन्- यसैमा जसोतसो बसेका छौ ।

जहरे सार्की, भानी सार्की, बिरुवा सार्की, खडक सार्की, नन्दी सार्की, रामबहादुर सार्की, दशरथ सार्की, कल्छी सार्की, हर्क सार्कीलगायतको परिवार त्यहीँ बस्छ । 'बाजे, बुवा र म तीन पुस्तै हलिया बसियो' ५० वर्षीय जहरे सार्कीले भने- मुक्त हु'दा आफ्नो नाममा एक हात जग्गा भएन ।

सदरमुकाम र भागेश्वर गाविस जोड्ने एनडी प्रकाश राजमार्गको छेउमै छ घर । एउटै घरले सार्की टोलको नाम पाएको छ । घरका ६ वटा कोठामध्ये तीन कोठा १२ परिवारका महिला र बालबालिकाका लागि छुट्ट्याइएको छ भने अन्य ३ कोठामा पुरुषहरू बस्छन् । सँगै, गाईबाख्रा बाँध्ने गोठ छ । 'मालिकले दिएको १ रोपनी जग्गामा बनेको यही पुरानो घर नै हामी १२ परिवारको घर हो' भानी सार्कीले भने-अन्त कतै घर बनाउने जग्गा छैन । घर बनाउन सक्ने हैसियत पनि छैन ।

घर चुहिएर वर्षामा पानी चुहिन्छ । हिउँदमा शीत झर्छ । पाहुनालाई बास दिने ठाउ'समेत छैन । 'हलिया मुक्ति भयो भन्छन् । हलियाका घर बन्न थालेका सामाचार रेडियोमा सुनिन्छन् । हाम्रा लागि यही घर संसार भएको छ'- उनले भने ।

१२ परिवारमा ८६ सदस्य छन् । सबैका अलग अलग भान्सा छन् । वर्षा नहुँदा घरबाहिर लहरै खाना पकाउने गरेको नन्दी सार्कीले बताए । वर्षामा भने पालो कुरेर खाना पकाउने गरेका छन् । अर्का मुक्त हलिया रामबहादुर सार्की मुक्तिपछि झन बिचल्ली भएको बताउ'छन् । उनले भने- पहिले मालिकको जग्गामा त छाप्रो थियो, अहिले त त्यो पनि छैन ।

हलिया मुक्ति घोषणापछि गाउँ विकास समितिले दिएको १ लाख रूपियाँ दामासाहीले बाँ'डेर बाख्रापालन थालेका छन् । 'हाम्रा माग ठूला छैनन्', वर्षौंदेखि हलेटी बस्दै आएका वृद्ध जहरेले भने- सरकारले सके हातपाखुरा चलाएर खान जग्गा देओस्, नभए आफ्नो घर बनाउन एक टुक्रा भए पनि जग्गा देओस् ।

'हलिया मुक्ति भए पनि मानवीय व्यवहार हुन सकेको छैन', भूमि अधिकार मञ्चकी जिल्ला अध्यक्ष लक्ष्मी सार्कीले भनिन्- पुनःस्थापनामा ढिलाई गरेकाले समस्या बल्झिँदै गएको छ । ६ वर्षअघि सुरु भएको हलिया मुक्ति र सशक्तीकरण कार्यक्रमले दुर्गमका हलियालाई अहिलेसम्म नसमेटेको उनीहरूको गुनासो छ ।

बगरकोट (डडेल्धुरा)- झट्ट हेर्दा रातो माटो र कमेरोले लिपेको घर चिटिक्कै देखिन्छ। एक्लो परिवारका लागि पर्याप्तै छ। तर १२ मुक्त हलिया परिवार यही घरमा निर्वाह गर्दैआएका छन्। रोप्ने खेतबारीमा अहिले तरकारी खेती हुन थालेको छ। आम्दानी हुन थालेपछि उनीहरूले बचत समूह पनि बनाएका छन्। हलिया मुक्तिअघि उनीहरू जसको जग्गा जोत्यो, उसैको बारीको एउटा कान्लामा झुपडी हालेर बस्थे। मुक्तिपछि जग्गाधनीले हटाए।

डडेलधुरामा १ हजार ४ सय ४२ जनाले मुक्त हलियाको परिचयपत्र पाएका छन्। तीमध्ये घर जग्गा दुवै नभएका २ सय ६१ जना, घर भएका जग्गा नभएका ५ सय १७, जग्गा भएका घर नभएका ६५ र दुवै भएका अति विपन्न हलियाको सङ्ख्या ५ सय ९९ जना छन्। हलियाको पुनःस्थापनाका लागि यो वर्ष १५ परिवारलाई जग्गा दिने, २८ परिवारको घर निर्माँण र २० परिवारको घर मर्मत गर्ने कार्यक्रम रहेको प्रमुख मालपोत अधिकृत रघुनाथ अवस्थीले बताए।

उत्पादन वृद्धिको उपाय खोज्दै दैलेखी महिला

- रूद्र खड्का

कामको खोजीमा पति भारत पसेपछि दैलेख, पीपलकोट-५ किटुकी दीपा गाहालाई दुई वर्षसम्म तीन सन्तान हुर्काउन निकै समस्या पऱ्यो। ३ देखि ११ वर्षका छोराछोरी हुर्काउन दीपाले कर्णाली नदीदेखि खिड्कीज्युलाको बजारसम्म ढुङ्गा बोक्ने काम गरिन्। 'श्रीमान् भारत गएपछि तीन वर्षसम्म फर्कनुभएन', उनले भनिन्- 'उहाँ नहुँदा घर व्यवहार चलाउने र छोराछोरी हुर्काउने जिम्मेवारी मेरो काँधमा आइपऱ्यो। सक्दो गरेँ। हार कहिलै खाइन।' आफू र छोराछोरीको गुजाराका लागि कुनै उपाय नभेटेकी दीपाले करिब ६ महिनासम्म कर्णाली नदी छेउछाउबाट ढुङ्गा बोक्दा पटकपटक बिरामी परेको बताइन्। अगाडिको जीवन कसरी अघि बढाउने भन्ने अन्योलमा रहेका बेला गाउँमा खाद्य सुरक्षामा सुधार पुऱ्याउने उद्देश्यले गठन भएको बतासे डाँडा कृषक समूहमा आबद्ध भएपछि तरकारी उत्पादनमा जुटेकी दीपाले बल्ल ढुङ्गा बोक्ने कामबाट मुक्ति पाएकी छिन्। 'हाम्रो जस्तो गाउँमा तरकारी खेती गरेर आम्दानी लिन सकिन्छ भन्नेबारे सोचेकासमेत थिएनौं', उनले भनिन्- 'कृषि समूहलाई सहयोग गर्न आइरहने व्यक्तिहरूले 'गर्दा हुन्छ' भन्ने हौसला दिँदा अहिले सहज भइरहेको छ।' दीपाका अनुसार किटु गाउँमा उत्पादन भएको तरकारी नजिकैको कर्णाली राजमार्गमै जोडिएको खिडकीज्युला र जिते बजारमा बिक्री भइरहेको छ। तरकारी खेती गर्न थालेपछि ढुङ्गा बोक्ने काम छाडेको उल्लेख गर्दै दीपाले छोराछोरीले पनि हरियो तरकारी खान पाएको खुसी साटिन्।

गाउँको जमिन कृषिका लागि उपयुक्त नभएको भन्दै धमाधम भारत पस्ने किटुका महिला यतिखेर गाउँमा कसैले तरकारी खेती, कसैले बाख्रापालन त कसैले भैँसीपालन गरिरहेका

छन् । विकट भौगोलिक बनावटका कारण कृषि उत्पादन हुन सक्दैन भन्ने अधिकांश किटुबासीको धारणा थियो । स्थानीय कटक थापाका अनुसार गाउँमा कृषि खेतीबाट कुनै उपलब्धि लिन सकिँदैन भन्ने सोचका कारण केही जमिन बाँझो पनि हुन पुगेको थियो । 'अहिले महिलाले तरकारी, भैँसी र बाख्रापालनबाट आम्दानी वृद्धि गरेको देख्दा धेरैलाई खुसी बनाएको छ', थापाले भने- 'समूहमा आबद्ध भएका सीमित महिलाले गरिरहेको तरकारी, पशुपालनलाई अब अभियानका रूपमा पूरै गाउँभरि चलाउनुपर्ने आवश्यक छ ।' वर्षभरि मेहनत गर्दा तीन महिनाभन्दा बढी पुग्ने अनाज उत्पादन हुन नसकेपछि उक्त गाउँका करिब ९० प्रतिशत पुरुष भारत पस्ने गरेको कृषि सेवा केन्द्र राकमका प्रमुख योगनारायण सिंह बताउँछन् । सिंहका अनुसार दैलेखको अधिकांश जमिनमा कुनै न कुनै उत्पादन लिन सकिन्छ । तर उत्पादन हुन नसकी सधैँ खाद्य सङ्कटको चपेटामा परिरहनुको कारण परम्परागत खेती प्रणाली अङ्गाल्नु नै भएको सिंह बताउँछन् । 'कृषि अब पुरानै तरिकाले चल्दैन भन्नेबारे सर्वसाधारणलाई बुझाउन सक्ने हो भने वर्षेनिदेखि सर्वसाधारणले झेल्दै आएको खाद्य सङ्कट कम गर्न सकिन्छ'- सिंहले भने ।

कृषि सेवा केन्द्रका प्रमुखले कृषिमा नयाँ सोच र तरिकाको आवश्यकतामा जोड नदिएसम्म उत्पादन वृद्धि गर्न नसकिने बताइरहँदा किटुका महिलाले कृषि सुधारका लागि विभिन्न कार्यक्रम अघि बढाएका छन् । किटु निवासी डिलसरा पुलामी मगरका अनुसार पीपलकोट-५ मा गठित बतासेडाँडा कृषक समूहका महिलाले खाद्य सङ्कट घटाउन गोठेमल सुधार, सिँचाइ कुलो सुधार, फलफूल बिरुवा रोपाइँ, उन्नत जातको बीउ

खरिद जस्ता कार्यक्रम सुरु गरेका छन् । 'कृषिका लागि प्रत्येक गाविसले कम्तीमा १५ प्रतिशत बजेट विनियोजन गर्नुपर्छ भन्ने थाहा पाएपछि यो वर्षदेखि गाविसबाट बजेट छुट्ट्याउन लगाएका छौं', डिलसराले भनिन्- 'खाद्य सङ्कट कम गर्ने हो भने स्थानीय अग्रसरताबिना हुँदोरहेनछ भन्ने लागेर यतिखेर महिलाले सक्दो प्रयास गरेका छौं ।' किटुका महिलाका अनुसार उत्पादन वृद्धि गर्न सकिने सम्भावना देखिए पनि सिँचाइ सुविधा, मल, बीउ तथा भिरालो जमिन ग्रामीण भेकमा चुनौतीका रूपमा छन् । खाद्य सङ्कट घटाउन सहयोग गर्ने सरकारी/गैरसरकारी संस्थाले सिँचाइ सुविधा विस्तार र भिरालो जमिनको माटो संरक्षण तथा आधुनिक कृषि प्रणालीमा लाग्न जनचेतनामूलक कार्यक्रममा जोड दिनुपर्ने किटुबासीको माग छ । 'कृषिको विकासका लागि यो वर्षदेखि गाविसलाई बजेट विनियोजन गर्न लगाएका छौं', स्थानीय चन्द्रा बलामीले भनिन्- 'तर गाविसको बजेट हात्तीको मुखमा जिरासरह भएको छ । त्यसैले सधैँ समस्यामा रहँदै आएका गाउँमा ठूलो लगानी र सहयोगको खाँचो छ ।' स्थानीयका अनुसार दैलेखका गाउँमा फलफूलको पनि राम्रो उत्पादन हुन सक्ने सम्भावना छ ।

कृषि क्षेत्रबाट उत्पादन वृद्धि गर्न सकिने सम्भावना हुँदाहुँदै पनि वर्षौंदेखि खाद्य सङ्कटको मार झेल्नुको कारण स्थानीयलाई खेती प्रणालीप्रति नयाँ तरिकाको जानकारी नहुनुमात्र देखिँदैन । भौगोलिक बनावटअनुसार गाउँमा कस्तो विकासे संरचना आवश्यक छ भन्नेबारे सदरमुकाम र केन्द्रमा बस्ने नेता र कर्मचारीले योजना तय गर्न नसक्नु पनि उत्तिकै कारण देखिन्छ । किटुका धर्मराज जैसी भन्छन्- 'गाउँमा खोलाबाट सिँचाइ ल्याउने सम्भावना छैन तर जिल्ला सदरमुकाममा तयार गरिएको योजनामा सिँचाइ कुलो बनाउने लक्ष्य राखिएको हुन्छ ।' जैसीका अनुसार किटु गाउँमा साना-साना पोखरी निर्माण गर्ने र तिनै पोखरीबाट सिँचाइ गर्न सक्ने व्यवस्था मिलाउँदा सर्वाधिक उपयोगी हुन्छ । त्यस्तै, कतिपय स्थानीय गाउँमा परम्परादेखि जबर्जस्ती खेती गरिँदै आएको धान, मकै, गहुँको साटो भौगोलिक बनावटअनुसार गाउँमा जुन उत्पादन राम्रो हुन्छ । त्यसैलाई जोड दिइनुपर्छ । स्थानीय भुवनसिंह पुलामी भन्छन्- 'हाम्रो गाउँ (किटु) मा धान, गहुँको तुलनामा बेसार र अदुवाको उत्पादन राम्रो हुन्छ तर धेरैजसो किसान बेसार र अदुवा राम्रो उत्पादन लिन सकिने बाली हुन् भनेर बुझ्दैनन् ।' अबका योजना चयन गर्दा भौगोलिक अवस्था अनुकूलका योजना छनोटदेखि स्थानीय आवश्यकता ख्याल गर्नुपर्ने उनको जोड छ । 'पहाडी भेकमा धान र गहुँको उत्पादन राम्रो हुँदैन । त्यस्ता बालीहरूको विकल्पमा नयाँ बालीको उत्पादनमा जोड दिनुपर्छ भनेर सिकाउने हो भने शायद विदेशिने व्यक्तिहरू रोकिन्थे कि ?'

भुवनसिंहले भने- 'गाउँमा खाद्य सङ्कट कायम रहिरहनुको कारण गाउँलेको चेतनास्तर वृद्धि नहुनु र सरकारी निकायले बेवास्ता गरिरहनु पनि हो ।' पछिल्लो समयमा गाउँ छिरेका

कतिपय गैरसरकारी संस्थाले उत्पादन तरिकाबारे जानकारी दिन खोज्दा केही सकारात्मक प्रभाव परेको देखिए पनि त्यस्ता कार्यक्रमले गाउँमा अभियानको रूप लिन सकेका छैनन् । यतिखेरको दैलेखको मुख्य समस्या कामको खोजीमा भारत पस्ने पुरुषलाई रोक्न नसकिनु हो । दैलेखका स्थानीय विकास अधिकारी हरि प्याकुरेल पुरुष विदेशिने क्रम अत्याधिक रहेकाले खाद्य उत्पादनमा कमी आइरहेको बताउँछन् । 'अहिलेको विदेशिने क्रम रोक्न नसक्ने हो भने खाद्य सङ्कटले जिल्लामा झनै ठूलो समस्या ल्याउँछ', प्याकुरेलले भने- 'विदेशिने व्यक्तिलाई रोक्न रोजगारी या कृषि क्षेत्रबाट लाभ हुन सक्ने कार्यक्रम सुरु गरिनुपर्छ ।' जिल्ला विकास समितिको आङ्कडा अनुसार जिल्लाको खेतीयोग्य जमिन प्रयोगमा आउने हो भने दैलेख खाद्यान्नमा परिनिर्भर हुँदैन । तर अहिलेको अवस्थामा भने जिल्लामा ६ महिना खाद्यान्न पुग्ने परिवार भेट्न मुस्किल हुने स्थानीय विकास अधिकारी प्याकुरेल बताउँछन् । आफ्नै उत्पादनले खाद्यान्न पुग्ने परिवार १५ प्रतिशतभन्दा बढी नभएको प्याकुरेलको भनाइ छ । सरसर्ती हेर्दा दैलेख प्राकृतिक दृष्टिकोणले सुन्दर छ तर खाद्यान्नमा सधैँ परनिर्भर हुने गरेको छ ।

जिल्लास्थित सरकारी अधिकारीहरू खेतीयोग्य जमिन, माटोको ऊर्वराशक्ति तथा सिँचाइ गर्न सकिने सम्भावना भएकाले दैलेख खाद्य सुरक्षाको दृष्टिकोणले सुरक्षित हुनुपर्ने ठान्छन् तर यथार्थमा भने दैलेखका अधिकांश परिवार बाहिरबाट आयात गरिएको चामल प्रयोग गर्न बाध्य छन् । कामका लागि विदेशिने अधिकांश पुरुषको पहिलो उद्देश्य कमाएको रकमले चामल खरिद गर्नु हुन्छ । त्यसैले दैलेखलाई अब पनि विदेशिने पुरुषलाई गाउँमै

बस्ने वातावरण सिर्जना नगर्ने, कृषिलाई आधुनिकीकरणको आवश्यकताबारे स्थानीयलाई बुझाउन प्रयास नगर्ने र गाउँगाउँमा अधिक मदिरा सेवनको चलन रोक्न प्रयास नगर्ने हो भने खाद्य सुरक्षाको कुरा गर्नु बेकार जस्तो हुनेछ। त्यस्तै दैलेखमा खाद्य सङ्कटको अर्को कारण धार्मिक संस्थाको काममा रहेका गुठी पनि हुन्। गुठी जमिनका कारण उपभोक्ताले मन खोलेर ती जमिनमा श्रम गर्न पाएका छैनन्। जसले गर्दा जमिनबाट राम्रो उत्पादन हुन सकेको छैन। जिल्ला भूमि अधिकार मञ्चका अध्यक्ष खगेन्द्रबहादुर थापाका अनुसार गुठीका कारण धार्मिक संस्थाहरूले एकातिर भूमिहीनलाई शोषण गरिरहेका छन् भने अर्कोतर्फ वर्षौंदेखि भोगचलन गर्दा पनि जमिन आफ्नो नाममा नामसारी हुन नसक्दा स्थानीय मन खोलेर उत्पादनमा जुट्न सकेका छैनन्। दैलेखका २२ गाविसमा रहेका विभिन्न मन्दिरको नाममा ३६ हजार २ सय ३ रोपनी खेत र ५६ हजार ३ सय १४ रोपनी पाखो जमिन स्थानीयले वर्षौंदेखि उपयोग गर्दै आएका छन्। मन्दिरलाई आवश्यक नपर्ने उक्त जमिन उपयोगकर्ता किसानलाई उपलब्ध गराउनुपर्ने पटक पटक सहमति भए पनि किसानको हातमा भने अझै लालपुर्जाको प्रमाणपत्र पुग्न सकेको छैन।

न सम्पत्ति न मान्छे

दैलेख, सिघौडी-९ निवासी नरबहादुर शाही र उनकी पत्नी नानदेवीको जीवनमा दुई छाक गुजाराको सहज व्यवस्थापनबाहेक अन्य कुनै लक्ष्य थिएन। उक्त लक्ष्य पूरा गर्न शाही दम्पतीले गाउँमा सक्दो प्रयास गरे। तर गाउँमा जति पसिना बगाउँदा पनि साँझ बिहानको गुजारा चल्न नसकेपछि अन्ततः अन्य गाउँलेसँगै नरबहादुर कामको खोजीमा भारतको मुम्बई पसे। मुम्बईमा करिब एक दशक काम गर्दासम्म नरबहादुरको कमाइ राम्रै रह्यो। मुम्बईको कमाइले छोराछोरीको पढाइ र घरमा खाद्यान्न जोहोको व्यवस्थापन गरेका शाही दम्पतीको खुसी भने लामो समय कायम रहन सकेन। मुम्बईमा काम गर्दागर्दै बेश्यालयमा पुगेका नरबहादुरको जीवन नाटकीयरूपमा बदलिँदा अहिले त्यसको मार पत्नीले खेपिरहेकी छिन्। मुम्बईमा एचआइभी/एड्सको सङ्क्रमण भएपछि जीर्ण शरीर लिएर घर फिरेका नरबहादुरले आफूसँगै ४२ वर्षीय पत्नी नानदेवीलाई पनि एचआइभीका जीवाणु सारे। एचआइभी सङ्क्रमण भइसकेपछि नानदेवीले उपचारका लागि पतिलाई जिल्ला सदरमुकाम हुँदै नेपालगञ्जसम्म पुऱ्याइन्। पतिलाई रोगले निकै गालिसकेकाले नानदेवीका हरेक प्रयास केवल असफलतामा सीमित रहन पुगे। 'पतिको उपचार होस् भनेर भएको जमिन १ लाख ३० हजारमा बिक्री गरैं', नानदेवीले भनिन्- 'तर, केही उपायले काम गरेन। अन्ततः एचआइभीले ज्यान लिएरै छाड्यो।' पतिको मृत्युपछि उनको जीवन पुनः काँडैकाँडाले भरिएको छ। नानदेवीका अनुसार पतिको उपचारका लागि भएको सबै जमिन बिक्री गरेपछि अहिले गुजाराका लागि अर्काको काम गर्नुबाहेक कुनै उपाय छैन। 'एकातिर आफैँ रोगले सङ्क्रमित छु, अर्कोतर्फ अर्काको काम नगरे भोकै मर्नुपर्ने अवस्था छ', उनले थपिन्-

‘कहिलेकाहीँ त किन जन्मन पुगेछु भन्ने पनि लाग्छ।’ उनले दुई छोरा पढाउन निकै गाह्रो भइरहेको गुनासो गरिन्। उक्त गाउँमा गठन गरिएको वरपीपल सामुदायिक छलफल केन्द्रमा आबद्ध भएपछि भने केही पीडा कम भएको उनको अनुभव छ। ‘पहिला सबै पीडा मनमा गुम्स्याएर राख्नुपर्थ्यो, अहिले समूहमा आबद्ध दिदीबहिनीलाई सुनाउँछु’- नानदेवीले भनिन्। समूहमा आबद्ध भएकै कारण कुरा गर्न हिम्मत बढेको र आफ्ना समस्या अरूलाई सुनाउन सकिएको उनको भनाइ छ। केही महिना पहिले छोरा बिरामी हुँदा चन्दा मागेर उपचार गर्न सक्नुलाई नानदेवीले समूहमा आवद्ध भएको सबभन्दा उपलब्धि ठानेकी छिन्। ‘छोराको उपचार गर्दा ४० हजार खर्च भयो’, उनले भनिन्- ‘समूहमा आबद्ध नभएको भए त्यो रकम जुटाउन सक्ने मेरो सामर्थ्य थिएन।’ उनलाई त्यो सबै रकम समूहमा आबद्ध महिलाको सहयोगमा गाउँलेबाट चन्दा प्राप्त भएको हो।

गुठीले आधुनिक खेतीमा अवरोध

धान र गहुँ खेती लगाउँदा परिश्रम नउठ्ने भएपछि दैलेखको दुल्लु नगरपालिका-९ पादुका निवासी भीमनाथ योगी सोही जग्गामा फलफूल खेती गर्न चाहन्छन्। कृषि प्राविधिकहरूले सिँचाइ सुविधा नभएको ठाउँमा धान, गहुँ खेती राम्रो नहुने सल्लाह दिएपछि परम्परागत खेतीलाई परिवर्तन गर्ने चाहना राखेका ३४ वर्षीय योगीका लागि यतिखेर बाधक भएको छ- गुठी। चरण पादुका गुठीको नाममा रहेको उक्त जमिन आफ्नो नाममा नामसारी गर्न नसक्दा योगीले वर्षौंदेखि खाद्य सङ्कट भेल्दै आएका छन्। आफ्नो नाममा जमिन भएको भए सोही जमिन ब्याङ्कमा राखी ऋण लिएर फलफूल र आधुनिक कृषि खेती गर्ने उनको सोच छ। ‘वर्षौंदेखि गुठीको जमिन प्रयोग गरेका छौं’, उनले भने- ‘अहिले आएर त्यो जमिन गुठीलाई आवश्यक छैन भन्ने धेरैलाई जानकारी हुँदाहुँदै पनि निर्णय हुन नसक्दा काम गरेर गुजारा चलाउनेलाई समस्या भइरहेको छ।’ खेतीका लागि सिँचाइको सुविधा नरहेको पादुका गाउँका धेरैजसो किसान परम्परागत खेती बदल्न चाहन्छन् तर गुठीको नाममा रहेको जमिन उपयोग गर्नेलाई हस्तान्तरण हुन नसक्दा अधिकांशका सपना चकनापुर भइरहेका छन्।

स्थानीयका अनुसार पादुकामा धान, गहुँको तुलनामा फलफूल खेतीको राम्रो उत्पादन हुन्छ। फलफूल खेती गर्नलाई सुरुमा लगानी आवश्यकता परेको र धेरैजसो किसानले लगानी जुटाउन नसकेको स्थानीय वरुनाथ योगी बताउँछन्। पादुकामा अवस्थित चरण पादुका गुठीलाई अत्यावश्यक पर्ने जमिन राखेर बाँकी जमिन वर्षौंदेखि उपयोग गर्दै आइरहेका किसानलाई उपलब्ध गराउनुपर्ने धेरैको माग छ। सरकारी अधिकारीहरूसँग पटकपटक हुने बैठकमा धेरैले अब पनि गुठीको नाममा धेरै जमिन राख्न नहुनेमा सहमति गर्छन् तर निर्णय भने हुन नसकेको वरुनाथको भनाइ छ। ‘मन्दिरको नाममा जमिन राखेर दुई/चार

जना महन्थबाहेक अरू कसैलाई फाइदा छैन', उनले भने- 'जति सक्दो चाँडो गुठीको जमिन जो/जसले उपयोग गरिरहेका छन् । उनीहरूले पाउनुपर्छ ।' दैलेखमा गुठीको समस्या २२ गाविसमा रहेको राष्ट्रिय भूमि अधिकार मञ्चका जिल्ला अध्यक्ष खगेन्द्रबहादुर थापा बताउँछन् । दैलेखमा ३६ हजार २ सय ३ रोपनी खेत र ५६ हजार तीन सय १४ रोपनी पाखो जमिन विभिन्न गुठीको नाममा छ । गुठीको नाममा रहेको जमिन किसानले आफ्नो नाममा लिन सक्ने हो भने किसानले उन्नत तरिकाले खेती प्रणाली अङ्गाल्ने र जसले गर्दा खाद्य सङ्कट घटाउन योगदान पुऱ्याउने थापाको भनाइ छ ।

पीपलकोट, सिगौडी, दुल्लु र दैलेख सदरमुकाम पुगेपछि देखिएका मुद्दा

- परम्परागत खेती प्रणालीमा सुधारको जरूरी ।
- कामको खोजीमा भारतलगायत खाडी मुलुकमा ठूलो सङ्ख्यामा विदेशिने प्रचलन ।
- गाउँमा सिँचाइको अभाव ।
- आधुनिक खेती प्रणालीबारे जानकारीको कमी ।
- गाउँमै अनेक सम्भावना खोजिन सक्छन् भन्ने सोचको कमी ।
- गाउँगाउँमा अझै गुठीका नाममा जमिन । सरकारी निकाय गुठीको जमिन उपयोगकर्तालाई दिइनुपर्छ भन्नेमा गैरजिम्मेवार । भूमिहीनको नाममा जमिन हुन नसक्दा उत्पादकत्व वृद्धि हुन सकेको छैन । भूमिहीन दिल खोलेर काम गर्न पाएका छैनन् ।
- शिक्षाप्रतिको आकर्षण घट्दो ।
- सानैमा बिहे गर्ने र धेरै सन्तान जन्माउने चलन ।
- स्वास्थ्य सुविधाको अभाव ।
- सरसफाइप्रति बेवास्ता ।
- सरकारी/गैरसरकारी कार्यालयसँग विकास माग्ने प्रचलनमा कमी । जसले जे दिन्छन् त्यही लिने प्रचलन ।
- आफ्ना कुरा अरूलाई सुनाउन नसक्ने ।
- सदरमुकामका सरकारी अधिकारीलाई जिल्लाका ग्रामीण भेकमा भइरहेका समस्या र सर्वसाधारणको गुणस्तरहीन जीवनयापनबारे चासो छैन ।
- कृषिलाई रोजगारीको विकल्प बनाउन सकिन्छ भन्ने युवालाई सहयोग र समर्थन कमी ।